विज्ञापन

# वर्षमा डेढ अर्ब आम्दानी गर्छन् कर्णालीका महिला



महिला उद्यमीले अघिल्लो वर्ष झन्डै डेढ अर्ब रुपियाँ आम्दानी गरेको सरकारी तथ्याङ्क छ

**प्रकाश पन्त**
सुर्खेत, बीबीसी न्यूज नेपाली

२९ जनवरी २०२०

**उद्यममा लागेका कर्णालीका महिलाले चुलोचौकाको दायराबाट बाहिर आएर समाजमा अलग्गै पहिचान स्थापित गरिरहेका छन्।**

कर्णाली प्रदेशका अधिकारीहरूका अनुसार त्यहाँ झन्डै १२,००० महिला उद्यमी छन् जसले करिब ३०,००० लाई रोजगारी दिएका छन्।

महिला उद्यमीहरूले वर्षेनी एक अर्ब ४८ करोड रुपियाँभन्दा बढी आम्दानी गरेको प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको तथ्याङ्क छ।

उद्यममा लागेका कर्णालीका महिलाले प्रदेशलाई आर्थिक रूपमा सबल बनाउन मद्दत गरिरहेको सरकारी अधिकारीहरू बताउँछन्।

विज्ञापन

- गाउँमै लाखौँ कमाउँछन् कर्णालीका युवा
- कामको बोझले यसरी थिचिएका छन् कर्णालीका महिला

## 'हेपिनु पर्दैन'

पाँच-छ वर्ष अघिसम्म आफ्नो कमाइ केही नभएकी भेरीगङ्गा नगरपालिका-१ सुर्खेतकी तिला महतराले उन्नत जातका बाख्रा पाल्न थालेपछि अहिले बर्सेनि तीन लाख रुपियाँ कमाउँछिन्।

"व्यवसायिक बाख्रापालन थालेपछि पहिलेजस्तो कसैसँग हात पसार्नु परेको छैन," उनी भन्छिन्।

"पैसा चाहिएको बेला एउटा खसी बेचेर पनि काम चलाउन सकिन्छ।"

आफ्नो कमाइ नहुँदा हेपिनु परेको अनुभव सुनाउने दैलेखकी टीकादेवी जैसी अगरबत्ती बनाएर कमाउन थालेपछि कसैले पनि हेप्ने आँट नगरेको बताउँछिन्।



HARI GAUTAM

"आफ्नो कमाइ नहुँदा धेरै दुख भोगियो । घरेलु हिंसा पनि खेपियो," उनी भन्छिन्।

"पैसाको तनाव हुन थालेपछि आफैले केही गर्नुपर्छ भन्ने सोचेर व्यवसाय गर्दा अहिले सुखका दिन आए।"

सीप सिकेर व्यवसाय गरिरहेका कर्णालीका धेरै महिला घरव्यवहारबाट बचेको समयलाई सदुपयोग गरी आयआर्जन गर्न सफल भएको बताउँछन्।

स्वेटर बनाएर महिनामा ६० हजार रुपैयाँ कमाइरहेकी जाजरकोटकी शारदा हमाल भन्छिन, "आफैले व्यवसाय गर्न सके सुखका दिन आउँदा रहेछन्।"

छ वर्षदेखि स्वेटर उद्योग सञ्चालन गरेकी उनले आठ महिलालाई रोजगारी दिएकी छन्।

## 'एक अर्ब ४८ करोड'

कर्णाली प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले प्रदेशमा ११,८४४ महिला उद्यमी रहेको जनाएको छ।

मन्त्रालयका अनुसार उनीहरूले २९,८६९ जनालाई रोजागरी दिनुको साथै बर्सेनि एक अर्ब ४८ करोड २२ लाख रुपैयाँ आम्दानी गर्दै आएका छन्।



BADRI PANTA

जाजरकोटकी शारदा हमाल मासिक ६० हजार कमाउने बताउँछिन्

मन्त्रालयका उद्योग, बाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण शाखाका प्रमुख तुलसीप्रसाद आचार्यले महिला उद्यमीको व्यवसायलाई प्रवर्द्धन गर्न प्रदेश सरकारले सहयोग गरिरहेको बताए।

आचार्य भन्छन्, "हामीले अनुदान उपलब्ध गराइरहेका छौँ। बजारीकरणको लागि मद्दत गरेका छौँ।"

"साथै ज्ञान, सीप र प्रविधि हस्तान्तरण गरेर पनि सहयोग गरिरहेका छौँ।"

ती महिलाहरूले स्वेटर, सिस्नोको धुलो, हाते कागज, चिउरीको साबुन, दुनाटपरी र अल्लोका कपडा बनाउनेदेखि बाख्रापालन र बीउ उत्पादनसम्मका व्यवसाय गरिरहेका छन्।



जङ्गलमा खेर जाने अल्लोबाट सामग्री बनाएर रुकुमकी तीर्था पुन मगरले बर्सेनि १० लाख रुपैयाँ आम्दानी गर्दै आएकी छन्।

पाँच वर्षदेखि अल्लो प्रशोधन उद्योग सञ्चालन गरेकी उनी भन्छिन्, "पौरख गर्यो र सोच बदल्यो भने प्रगति गर्न सकिँदो रहेछ।"

## आशा र विश्वास

परम्परागत अन्नबालीको विकल्पमा व्यवसायिक बीउ खेती गरिरहेकी सुर्खेत मेहलकुनाकी चन्द्रकला विश्वकर्मा आफैले व्यवसाय गर्दा जीविकोपार्जन गर्न सजिलो भएको बताउँछिन्।

सामूहिक रूपमा बीउ उत्पादन गरेर महेलकुनाका महिलाहरूले बर्सेनि एक करोडभन्दा बढी रुपियाँ आम्दानी गरिरहेका छन्।

आफ्नै कमाइमा छोराछोरी पढाउनदेखि घरव्यवहार चलाउन सफल भएकोमा महिलाहरू गर्व गर्छन्।

- जटिल समस्या भएका गर्भवती महिलाको उद्धार गर्न हेलिकप्टर प्रभावकारी
- मन्त्री पदमुक्त हुनुको कारण रहेको फर्जी ब्याङ्क ग्यारेन्टीको नालीबेली

व्यवसाय गर्नुअघि धेरै महिलालाई घरव्यवहार चलाउन निकै मुस्किल थियो।

सानो कामको लागि पनि ऋणसापट गर्नुपर्ने बाध्यता भोगेका उनीहरू मिहिनेत गर्यो भने पैसामात्र होइन, सुखपनि पाइने अनुभव व्यक्त गर्छन्।

चाउमीन बेचेर गतिलो आम्दानी गदै आएकी उषा तारामी भन्छिन्, "व्यवसाय गरेर आत्मनिर्भर भएपछि गाउँसमाजले पनि आशा र विश्वासको नजरले हेर्न थालेका छन्।"

## समय खेर नफाल्न सुझाव

खेर गइरहेको समयलाई सदुपयोग गर्ने हो भने आफुलाई मन परेको खान र लाउन अरूको मुख ताक्नु नपर्ने उद्यमी महिलाहरू बताउँछन्।

लालमती पन्त भन्छिन्: "फुर्सदको समयलाई खेर नफाली आफुले सक्ने व्यवसाय गर्न महिला दिदीबहिनीलाई सुझाव दिन्छु।"

कर्णालीका महिलाहरु तीनै तहका सरकारदेखि विभिन्न सङ्घसंस्थाले ल्याएका सीपमूलक कार्यक्रमले आफूलाई आत्मनिर्भर बन्न बल दिएको बताउँछन्।

त्यसबाहेक गाउँका आमा समूह, सहकारीसहित विभिन्न सङ्घसंस्थाका माध्यमबाट धेरै कुरा जान्ने र बुझ्ने अवसर पाएको उनीहरुको भनाइ छ।



# युरोपमा निर्यात

महिला उद्यमीले उत्पादन गरेको सिस्नोको धुलो, हाते कागज, चिउरीको साबुन, अल्लोको धागो र कपडाजस्ता सामान युरोपसम्म निर्यात हुने गरेको बताइन्छ।

महिला उद्यमीले उत्पादन गरेका वस्तुहरूलाई सङ्कलन गरेर बजारीकरणमा सहयोग गरिरहेको राष्ट्रिय लघुउद्यमी महासङ्घका कर्णाली प्रदेश अध्यक्ष कविराज केसी बताउँछन्।

कर्णाली प्रदेश उद्योग मन्त्रालयका प्रदेशिक लघुउद्यम विकास विशेषज्ञ दीपक गर्तौला महिलाहरू आत्मनिर्भर हुँदै गएपछि उनीहरूको सामाजिक हैसियत बढेको बताउँछन्।

उनका अनुसार घरेलु हिंसामा कमी आएको र महिलाहरूले आफ्नो आम्दानी छोराछोरीको पढाइ, स्वास्थ्य तथा पोषणमा बढी लगानी गरेको देखिएको छ।

## मुख्य समाचार

**युक्रेनी परोपकारी संस्थालाई ५१ डलर चन्दा दिएकी रुसी-अमेरिकी महिलालाई १२ वर्ष जेल**

१५ अगष्ट २०२४

**सार्वजनिक यातायातमा अनिवार्य टिकट र 'जीपीएस'का लागि सरकारको निर्देशन, 'अस्पष्ट' र 'सतही' भएको व्यवसायी र विज्ञको आरोप**

१५ अगष्ट २०२४

**मानसरोवर हिँडेका नेपालीहरू 'चिनियाँ भूमिबाट फर्काइए', सीमावर्ती जिल्लाबाट तिब्बत प्रवेश गर्ने व्यवस्था कस्तो छ**

१५ अगष्ट २०२४

## अनि यो पनि



एमपक्स के हो र यो कसरी सर्छ

१४ अगष्ट २०२४




कृषि अनुदानमा पहुँचको अनौठो दुरुपयोग : न उत्पादन सन्तोषप्रद न किसान सन्तुष्ट

१३ अगष्ट २०२४



महिलाहरूले कुन उमेरसम्म 'आईभीएफ'मार्फत् बच्चा जन्माउन सक्छन्

१२ अगष्ट २०२४



'यो मेरो जीवनकै ठूलो गल्ती थियो' : आइन्स्टाइनको त्यो पत्र जसले 'परमाणु बम युग'को बाटो देखायो

१३ अगष्ट २०२४



विश्वका अन्य मानिसभन्दा बुढ्यौली ढिला आउने चिमानेहरू

११ अगष्ट २०२४

## धेरै पढिएको

१ नेपाली महिलालाई खाडीमा बन्धक बनाएर 'बलात्कार र जबरजस्ती गर्भपतन'

२ युक्रेनी परोपकारी संस्थालाई ५१ डलर चन्दा दिएकी रुसी-अमेरिकी महिलालाई १२ वर्ष जेल

३ मानसरोवर हिँडेका नेपालीहरू 'चिनियाँ भूमिबाट फर्काइए', सीमावर्ती जिल्लाबाट तिब्बत प्रवेश गर्ने व्यवस्था कस्तो छ

४ अमेरिकी सैनिकद्वारा चीनलाई गोप्य सूचना बेचेको स्वीकार

५ सार्वजनिक यातायातमा अनिवार्य टिकट र 'जीपीएस'का लागि सरकारको निर्देशन, 'अस्पष्ट' र 'सतही' भएको व्यवसायी र विज्ञको आरोप

© 2024 बीबीसी। अन्य वेबसाइटका सामग्रीहरूका लागि बीबीसी जिम्मेवार छैन। **बाह्य वेबसाइटको लिङ्क प्रयोग सम्बन्धमा हाम्रो नीति पढ्नुहोस्।**